स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही शुक्रबार (९ असोज)बाट प्रदर्शनमा आउन लागेको फिल्म "आचार्य"को ट्रेलरले युट्युबमा भ्यूजको बाढी ल्याएको छ। अभिनेता निखिल उप्रेतीको निर्देशनमा बनेको फिल्मको ट्रेलरले युट्युब रिलिजको तीन दिनमा १५ लाखभन्दा बढी भ्यूज पाइसकेको छ। ट्रेलरलाई प्रतिक्रिया पनि उत्कृष्ट मिलेको छ। युट्युबमा ट्रेलरले आक्रामक भ्यूजसँगै ट्रेन्डिङको शीर्षस्थान समेत कब्जा गरेको छ। सोमबार साँझबाट फिल्मको ट्रेलर नेपालमा युट्युबको पहिलो स्थानमा अक्लिएको हो।

**आजको विचार...**



ज्योतिषशास्त्रको...

(दुई पेजमा)

ज्योतिष मुकुन्द पोखरेल



अभिनेता सुशील श्रेष्ठ निर्देशक सौरभ चौधरीको नयाँ फिल्म "द राइज अफ साम्राज्य"मा जोडिएका छन्। निर्माण पक्षले सोमबार सुशीललाई फिल्मका लागि अनुबन्धित गरेको हो। यसअघि नै सौगात मल्ल, दयाहाङ राई, नाजिर हुसेन, विजय बराल, अञ्जना बराइली कलाकार अनुबन्धित भइसकेको फिल्ममा सुशीलको प्रवेशसँगै कलाकारको सूची थपिएको छ। फिल्ममा उनले महत्वपूर्ण भूमिकामा अभिनय गर्ने बताइएको छ। "अगस्त्य"का निर्देशक चौधरीले निर्देशन गर्ने यो फिल्मलाई निर्माण पक्षले ठूलो क्यानभासमा बन्ने एक्सन ड्रामा भनेको छ।

❒ वर्ष ३२ ❒ अंक ६८ ❒ २०८३ असोज ७ गते बुधबार 23 September 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### यमनमा मानवीय सङ्कटमा १ लाख ३0 हजार विस्थापित

रासस


**काठमाडौं,** असोज ६/यमनमा पछिल्लो समय बढ्दै गएको असुरक्षाका कारण सातवटा गभर्नरेटबाट करिब १ लाख ३० हजार मानिस विस्थापित भएका छन् । अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) का अनुसार विस्थापितमध्ये धेरै जना पटक-पटक आफ्नो घर छाड्न बाध्य भएका छन् । आईओएमका मध्यपूर्व तथा उत्तर अफ्रिका क्षेत्रीय निर्देशक ओथमान बेलबेसीले विस्थापितको संख्या तीव्र रूपमा बढिरहेको बताए । उनका अनुसार सेप्टेम्बर १८ सम्म १ लाख १८ हजार ८६ जना विस्थापित रहेकोमा तीन दिनभित्रै थप ११ हजार ३५२ जना विस्थापित भएका छन् । आईओएमको पछिल्लो तथ्यांकअनुसार ताइज गभर्नरेटमा सबैभन्दा धेरै विस्थापित रहेका छन्। त्यहाँ मात्रै ७३ हजार ४९४ जना विस्थापित भएको जनाइएको छ । यमन सन् २०१४ देखि जारी द्वन्द्वका कारण गम्भीर मानवीय संकटमा छ । सन् २०१४ मा हुथी समूहले राजधानी सानासहित देशका केही महत्वपूर्ण क्षेत्रमा नियन्त्रण कायम गरेपछि सन् २०१५ मा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारको समर्थनमा साउदी नेतृत्वको सैन्य गठबन्धनले यमनमा हस्तक्षेप गरेको थियो ।

# सिद्धबाबा सुरुङमार्ग : आगामी मंसिर भित्रै गाडी गुडाउने तयारी

रामचन्द्र रायमाझी

**पाल्पा,** ६ असोज /राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको निर्माणधिन सिद्धबाबा सुरुङमार्ग आगामी मंसिरभित्रै सवारी साधन सञ्चालन गर्ने गरी तयारी अघि बढाइएको छ । सिद्धबाबा सुरुङमार्ग योजना कार्यालय बुटवलले निर्माण कार्यलाई तीव्रता दिँदै सुरुङमार्गको मुख्य संरचनासहित आवश्यक पूर्वाधार निर्माणलाई अन्तिम चरणमा पुर्‍याउने गरी कामलाई अगाडि बढाएको हो ।

सुरुङभित्रको सडक निर्माण र अन्य सिभिल संरचनाको काम सकिएकोले मंसिर महिनाभित्रै सवारी सञ्चालनको तयारी गरिएको आयोजना कार्यालयका प्रमुख नवराज बास्तोलाले बताए । उनले भने " यस अघि कार्तिक महिनाभित्रै सवारीसाधन सञ्चालन गर्ने भनिए पनि बर्खा र भोटेकाशी बाढीका कारण निर्माण सामग्री आउन ढिलाइ भएकाले एक महिनापछि धकेलिएको छ । अब एक दुई दिनमै निर्माण सामग्री आएपछि टनेल भित्रको काम अगाडि



बढाई मंसिर १५ गतेभित्र नै सवारी सञ्चालन गर्छौं ।" गत भदौ १० गते गएको भोटेकोशी बाढीमा सुरुङमार्गका लागि ल्याइएको विद्युतीय सामग्री बगाएपछि सुरुङमार्गमा सवारी गुडाउने योजना केही समय प्रभावित हुन पुगेको बाँस्तोलाले बताए । अहिले सुरुङभित्र सडकको पिच सकेर रङरोगन चलिरहेको छ । टेक्निकल भवनको फिनिसिङ पनि भइरहेको छ । लाइनिङ अर्थात् भुइँ भित्ता ढलान सहित सिभिल संरचनाको काम सकिएको छ । इलेक्ट्रोमेकानिकलसम्बन्धी काम भने बाँकी रहेको आयोजना कार्यालयका प्रमुख बाँस्तोलाले बताए । सुरुङमार्गको हालसम्म भौतिक प्रगति ६९ दशमलव ७० प्रतिशत र वित्तीय प्रगति ६३ दशमलव ५५ प्रतिशत रहेको योजना कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर सौम्य आनन्दले बताइन् । यो प्रगति २०८३ असोज ४ गतेसम्मको हो । हालसम्म मुख्य सुरुङसहित बाईवास सुरुङ खन्ने, लाइनिङ, १४ वटा कल्भट, टनेल भित्रको प्रिमेन्टको काम सकिएको आनन्दले बताइन् । तीनवटा बाइपास निर्माण गरिएको छ । पहिलो बाइपासको लम्बाइ १ सय ४८ दशमलव ०९५ मिटर, दोस्रोको १ सय ५८ दशमलव ३ सय ७६ मिटर र तेस्रो बाइपासको लम्बाइ १ सय २८ दशमलव ३८१ मिटर छ । यी सबैको भौतिक निर्माणको काम शतप्रतिशत पूरा भइसकेको छ । सुरुङको भित्री काम सकिएपछि बाहिरी सडक क्षेत्रलाई सुरक्षित बनाउन काम थालिने इन्जिनियर आनन्दले बताइन् । सुरुङको बाहिरी भागलाई पहिरोबाट जोगाउन रकसेड, रकफल व्यारियर र स्लोप प्रोटेक्सनका काम गरिने उनको भनाई छ । एक हजार एक सय २६ मिटर सुरुङमार्गको २०७८ फागुनमा ठेक्का सम्झौता भई २०७९ सालदेखि निर्माण सुरु भएको हो । यो आयोजनअन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

*-बाँकी अन्तिम पेजमा...*

# कार्यवाहक प्रधानमन्त्री स्वर्णिमलाई



**पाल्पा,** असोज ६/ प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा भाग लिन जाने भएपछि कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई दिइएको छ ।

प्रधानमन्त्री शाह राष्ट्रसंघको महासभामा भाग लिन मंगलबार साँझ ७ बजे अमेरिकाको न्यूयोर्क प्रस्थान गरेका छन् । उनले आफ्नो अनुपस्थितिमा कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी अर्थमन्त्री वाग्लेलाई दिन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेका थिए ।

उक्त सिफारिसका आधारमा राष्ट्रपति पौडेलले अर्थमन्त्री वाग्लेलाई कार्यवाहक प्रधानमन्त्री तोकेका छन् । प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको महासभामा यही असोज ८ गते सम्बोधन गर्ने कार्यतालिका छ । उनी असोज १० गते स्वदेश फर्किने छन् ।

# डुम्रे सहकारीको साधारण सभा तथा अधिवेशन, अध्यक्षमा पुनः ठकुरी

कृष्ण पोखरेल

**पाल्पा,** असोज ६/जिल्लाको तिनाउ गाउँपालिका -६ स्थित डुम्रे दुग्ध कृषि सहकारी संस्था लिमिटेडले साधारण सभा तथा अधिवेशन गरेको छ । सहकारीले एक औपचारिक कार्यक्रमका बिच ३३ औं साधारण सभा तथा १० औं अधिवेशन गरेको हो ।

सभाको प्रमुख अतिथि तथा वडा अध्यक्ष टोम बहादुर पुनले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि पुनले डुम्रे दुग्ध सहकारी लुम्बिनी प्रदेशकै नमुना उत्कृष्ट सहकारी भएको बताए । संस्थाले कृषकको हितमा काम गर्दै आएको स्थानीयस्तरमा स्वरोगार तथा कृषकको आय आर्जन बृद्धि गराउन सफल भएको उनको भनाई छ । सभामा सहकारीका अध्यक्ष दुर्गा बहादुर खाँण ठकुरीले बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थामा १ हजार कृषक आवद्ध भएकोमा १८३ जना महिला, २३८ जना पुरुष गरी ४ सय ३२ जना शेयर सदस्य रहेको बताए । संस्थाले गत बर्ष १४ लाख ८२ हजार ४ सय १२ लिटर दुधको कारोवार गरेको उनको भनाई छ । संस्थाले गाई भैसी सुत्केरी पोषणभत्ता वापत प्रति पशु १ हजार २ सय , कृषकहरुको लागि पशु विमामा ५०



प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको ठकुरीले बताए । संस्थाले मुख्य कार्यालय डुम्रे, तानसेन बसपार्क, मिसन, बुटवल चौराहामा दुध डेरी पसल, डुम्रेमा एग्रोभेट पसल र फलफूल पसल, फ्रेस हाउस मार्फत आफ्ना उत्पदान विक्रि वितरण गर्दै आएको छ । कृषकहरुको अनुत्पादक गाईहरु कोटिखोला गौशालासँग सम्झौता गरी व्यवस्थापन गर्दै आएको, संस्थाले कृषकहरुलाई गाईको दुधको भुक्तानी एक महिनाको अन्तरालमा, भैसीको दुधको मासिक रुपमा भुक्तानी गर्दै आएको जनाएको छ । दैनिक ३५ लिटर सम्म दुध दिने कोरियन गाईको नश्ल सुधार मार्फत ११ वटा बाच्छीको जन्म भएको, कृषकको मागको आधारमा घाँसको विउमा ७५ प्रतिशत सम्म अनुदानको व्यवस्था गरेको जनाइएको छ । संस्थाबाट उत्पादित घिउ, मही, दहीकप खाद्य तथा गुण नियन्त्रण कार्यालयबाट गुणस्तरीय चिन्ह पाई देश विदेशमा विक्रि हुदै आएको, प्रत्येक बर्ष संस्थाले नाफा बृद्धि गर्दै गरी कृषक शेयर सदस्यहरुलाई उच्चतम नाफा वितरण गर्दै आएको संस्थाका व्यवस्थापक गोपाल जिसीले बताए । संस्थाले गत आ.व.मात्र २३ लाख कृषकहरुलाई बोनस वितरण गरेको छ । संस्थाले साधारणसभामा ३५ जना शेयर सदस्यलाई १ लाख ९३ हजार ६ सय २३ रुपैया देखी २० हजार रुपैया सम्म वोनस वितरण गरेको व्यबस्थापन जिसीले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सांकेतिक भाषालाई उपेक्षा नगर

हरेक वर्ष २३ सेप्टेम्बर अर्थात् आजकै दिन अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस मनाइन्छ । यो दिन बहिरा तथा श्रवण अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, पहिचान र सामाजिक सहभागिताका लागि सांकेतिक भाषाको महत्व सम्झाउने अवसर हो । सांकेतिक भाषा केवल हातको इसारा होइन' यो आफ्नै व्याकरण, संरचना र अभिव्यक्तिको क्षमता भएको पूर्ण भाषा हो । त्यसैले सांकेतिक भाषालाई दयाको विषय होइन, भाषिक अधिकारको विषयका रूपमा बुझिनुपर्छ । समाजमा अझै पनि सांकेतिक भाषा प्रयोग गर्ने व्यक्तिलाई मूलधारबाट अलग राख्ने प्रवृत्ति देखिन्छ । विद्यालय, अस्पताल, सरकारी कार्यालय, अदालत, सञ्चारमाध्यम र सार्वजनिक सेवामा आवश्यक सांकेतिक भाषा अनुवाद तथा दोभाषे सेवा सहज रूपमा उपलब्ध नहुँदा धेरै नागरिक आधारभूत अधिकारबाटै वञ्चित हुने गरेका छन् ।

नेपालमा, सांकेतिक भाषाको सामूहिक प्रशिक्षण सुरु भएको पाँच दशक नाघिसक्दा पनि यसको अपेक्षाकृत विकास हुन नसकेकाले बहिरा व्यक्ति र स्वर वा बोलाइसम्बन्धी अपांगता भएकाहरू समाजबाट टाढिइरहेका छन् । तिनको समावेशिताको सवालमा सरकारबाट भइरहेका कामहरू सन्तोषप्रद छैनन् । हरेक वर्ष सांकेतिक भाषाको महत्वलाई दिवसले सम्झाए पनि यसको प्रवर्द्धनका लागि गर्नुपर्ने पहल हुन सकेको देखिन्न । नेपालमा प्रायः सार्वजनिक सेवाप्रदायक संस्थाहरूमा सांकेतिक भाषा सहजै उपलब्ध छैन । यो भाषा-निर्भर समुदाय यसैका कारण सेवासुविधाबाट वञ्चित हुनुपरिरहेको छ । नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई सुनिश्चित गरेको छ । तर संवैधानिक र कानुनी प्रबन्ध व्यवहारमा कार्यान्वयन हुन नसक्नु दुखद् हो । सांकेतिक भाषामा पर्याप्त शैक्षिक सामग्रीको विकास, दक्ष दोभाषेको उत्पादन, शिक्षकलाई आवश्यक तालिम, सार्वजनिक सूचना सांकेतिक भाषामा उपलब्ध गराउने व्यवस्था तथा डिजिटल प्रविधिमा पहुँच विस्तार गर्न राज्यले ठोस कदम चाल्न आवश्यक छ । सांकेतिक भाषा दिवस एक दिन औपचारिक कार्यक्रम गरेर मनाउने अवसर मात्र हुनु हुँदैन । यसले हामीलाई समाजको सञ्चार प्रणाली कति समावेशी छ भन्ने प्रश्न गर्न प्रेरित गर्नुपर्छ । सरकारी सूचना, विपद्का सूचना, स्वास्थ्यसम्बन्धी सन्देश र सार्वजनिक महत्वका कार्यक्रमहरू सांकेतिक भाषामा पनि उपलब्ध गराउन सकिएमा श्रवण अपाङ्गता भएका नागरिकको सहभागिता अझ प्रभावकारी बन्न सक्छ । त्यसैगरी, सांकेतिक भाषालाई बहिरा समुदायभित्र मात्र सीमित राख्नुको सट्टा व्यापक सामाजिक जीवनसँग जोड्नु आवश्यक छ । परिवार, विद्यालय, सञ्चारमाध्यम र सार्वजनिक संस्थाले सांकेतिक भाषाप्रति सकारात्मक दृष्टिकोण विकास गर्न सकेमा सञ्चारको अवरोध धेरै हदसम्म कम गर्न सकिन्छ । सांकेतिक भाषाको सम्मान गर्नु भनेको बहिरा समुदायप्रति सद्भाव देखाउनु मात्र होइन, समान सहभागिता र मानव अधिकारको सम्मान गर्नु हो । अबको आवश्यकता दिवस मनाउनेभन्दा पनि सांकेतिक भाषालाई व्यवहारमा स्थापित गर्ने हो ।

### Opinion @ Social Network

"ज्ञानले सोच बदल्छ ,
अनुशासनले बानी बदल्छ र निरन्तर प्रयासले जीवन बदल्छ ।"
*(कुश्मा रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Kushma.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ज्योतिषशास्त्रको मीमांसा



## ज्योतिष मुकुन्द पोखरेल

वैदिक ज्ञान परम्परामा ज्योतिषशास्त्रको स्थान अत्यन्त प्राचीन, विशिष्ट र महत्वपूर्ण रहेको छ । वेदका छ वटा अङ्गहरु शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष हुन् । जस मध्ये ज्योतिषलाई प्रमुख वेदाङ्गका रूपमा स्वीकार गरिएको छ । वैदिक यज्ञ, संस्कार तथा धार्मिक कर्महरू उचित समयमा सम्पन्न गर्नुपर्ने भएकाले समयको निर्धारण ज्योतिषको प्रारम्भिक प्रमुख प्रयोजन बनेको देखिन्छ । मानवले आकाशमा सूर्य, चन्द्रमा तथा अन्य ज्योतिर्मय पिण्डहरूको गति र अवस्थाको निरीक्षण गर्न थालेदेखि नै दिन, रात, पक्ष, मास, ऋतु तथा वर्षको ज्ञान विकसित हुँदै गयो । यसै क्रममा तिथि, नक्षत्र, अयन र संवत्सरजस्ता कालसम्बन्धी अवधारणाहरू विकसित भए र पछि ग्रहगणित, पञ्चाङ्ग, मुहूर्त, जातक, दशा, गोचर, योग, प्रश्न तथा संहिताजस्ता ज्योतिषका विविध शाखाहरूको विकास भयो । यस दृष्टिले ज्योतिषलाई केवल भविष्य बताउने शास्त्रका रूपमा बुझ्नु यसको व्यापक ऐतिहासिक, गणितीय तथा दार्शनिक स्वरूपलाई सीमित गर्नु हो । मीमांसा शब्दले कुनै विषयको गहन अनुसन्धान, तर्कपूर्ण परीक्षण, विवेचन तथा त्यसको यथार्थ स्वरूपको खोजीलाई जनाउँछ । त्यसैले ज्योतिषशास्त्रको मीमांसा भन्नाले यसको उत्पत्ति, स्वरूप, सिद्धान्त, प्रमाण, प्रयोजन, अध्ययनपद्धति, दार्शनिक आधार, कर्मसँगको सम्बन्ध, फलादेशको स्वरूप तथा सीमाको समग्र विवेचन गर्नु हो । 'ज्योतिष' शब्द 'ज्योतिः'बाट निष्पन्न भएको मानिन्छ । जसको अर्थ प्रकाश हो । जसरी प्रकाशले अन्धकारमा वस्तुको स्वरूप देखाउँछ, त्यसरी ज्योतिषले काल र ग्रहगतिका आधारमा जीवन तथा प्रकृतिसँग सम्बन्धित विभिन्न पक्षलाई बुझ्ने परम्परागत दृष्टिकोण प्रस्तुत गर्दछ । यसको मूल आधार कालज्ञान र खगोलीय गणनामा रहे पनि समयक्रमसँगै फलित ज्योतिषको विकास भएर मानवजीवनका विविध पक्षसँग यसको सम्बन्ध स्थापित भएको पाइन्छ । ज्योतिषको प्रारम्भिक प्रयोजन वैदिक कर्मका लागि उचित समय निर्धारण गर्नु थियो । कुन तिथिमा, कुन नक्षत्रमा र कुन समयमा यज्ञ वा संस्कार गर्नुपर्छ भन्ने निर्धारणका लागि ज्योतिषीय ज्ञान आवश्यक मानिन्थ्यो । यसरी हेर्दा ज्योतिषको मूल प्रश्न 'कुन कर्मका लागि कुन समय उचित हुन्छ ?' भन्ने थियो । कालको सूक्ष्म अध्ययन र ग्रहहरूको गति गणना गर्ने पद्धतिको विकाससँगै ज्योतिषको क्षेत्र विस्तार हुँदै गयो । परम्परागत रूपमा ज्योतिषलाई सिद्धान्त, होरा र संहिता गरी तीन प्रमुख स्कन्धमा विभाजन गरिएको पाइन्छ । सिद्धान्तमा ग्रहहरूको गति, सूर्य-चन्द्रमाको स्थिति, ग्रहण, उदय-अस्त, तिथि, नक्षत्र, राशि तथा कालगणनाजस्ता गणितीय र खगोलीय विषयको अध्ययन हुन्छ । होरामा जन्मकालिन ग्रहस्थितिका आधारमा जातकको जीवन सम्बन्धी फल विचार गरिन्छ भने संहितामा वर्षा, कृषि, प्राकृतिक घटना, ग्रहण, शकुन, वास्तु, ऋतु, राज्य तथा सामाजिक घटना जस्ता व्यापक विषयको अध्ययन गरिन्छ । यसबाट ज्योतिषको क्षेत्र व्यक्तिगत जन्मकुण्डलीभन्दा धेरै व्यापक रहेको स्पष्ट हुन्छ । ज्योतिषशास्त्रको मीमांसामा प्रमाणको प्रश्न पनि महत्वपूर्ण हुन्छ । कुनै ज्ञानलाई स्वीकार गर्दा त्यसको आधार के हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । वैदिक तथा दार्शनिक परम्परामा प्रत्यक्ष, अनुमान र शब्दजस्ता प्रमाणहरू स्वीकार गरिएका छन् । ज्योतिषमा पनि विषयअनुसार विभिन्न आधारको प्रयोग हुन्छ । ग्रहहरूको वास्तविक स्थिति, सूर्य र चन्द्रमाको गति, ग्रहण तथा कालगणना जस्ता विषय प्रत्यक्ष निरीक्षण, गणितीय गणना तथा खगोलीय नियमका आधारमा अध्ययन गर्न सकिन्छ । तर जन्मकुण्डलीका आधारमा व्यक्तिको स्वभाव, प्रवृत्ति वा भविष्य सम्बन्धी फलादेश भने परम्परागत ज्योतिषीय सिद्धान्त, शास्त्रीय सूत्र र अनुभवपरम्परामा आधारित हुन्छ । त्यसैले ज्योतिषका गणितीय, खगोलीय र फलित पक्षलाई एउटै मापदण्डबाट मूल्याङ्कन गर्नु उचित हुँदैन । प्रत्येक पक्षको प्रकृति र प्रमाणको आधारलाई अलग-अलग बुझ्नु आवश्यक हुन्छ । फलित ज्योतिषमा ग्रहहरूलाई केवल आकाशमा रहेका भौतिक पिण्डका रूपमा मात्र नहेरी जीवनका विभिन्न तत्वका सूचक तथा प्रतिकका रूपमा व्याख्या गरिएको छ । सूर्यलाई आत्मबल, तेज, पिता, सत्ता र प्रतिष्ठासँग, चन्द्रमालाई मन, भावना, माता तथा मानसिक अवस्थासँग, मङ्गललाई शक्ति, साहस, पराक्रम तथा भूमिसँग र बुधलाई बुद्धि, वाणी, तर्क तथा गणनासँग सम्बन्धित मानिन्छ । गुरुलाई ज्ञान, धर्म, गुरु तथा सन्तानको कारक, शुक्रलाई सौन्दर्य, प्रेम, कला तथा भोगको कारक र शनिलाई श्रम, अनुशासन, विलम्ब तथा कर्मसँग सम्बन्धित मानिन्छ । राहु-केतुलाई छाया, असामान्यता, आसक्ति तथा वैराग्यका सूचकका रूपमा व्याख्या गरिन्छ । यी व्याख्याहरूलाई ज्योतिषीय परम्पराभित्र विकसित प्रतिकात्मक र शास्त्रीय अवधारणाका रूपमा बुझ्नुपर्छ । फलितज्योतिषमा ग्रहको स्थिति मात्र पर्याप्त हुँदैन । ग्रह कुन राशिमा र कुन भावमा स्थित छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ । सामान्यतः राशिले ग्रहको अभिव्यक्तिको प्रकृति र भावले जीवनको कुन क्षेत्रमा त्यसको प्रभाव देखिन्छ भन्ने संकेत गर्दछ । प्रथम भावलाई शरीर र व्यक्तित्व, द्वितीयलाई धन, वाणी तथा कुटुम्ब, तृतीयलाई पराक्रम तथा भाइबहिनी, चतुर्थलाई माता, सुख तथा भूमि, पञ्चमलाई बुद्धि, विद्या तथा सन्तान, षष्ठलाई रोग, ऋण तथा शत्रु, सप्तमलाई विवाह, दाम्पत्य तथा साझेदारी, अष्टमलाई आयु, रहस्य तथा परिवर्तन, नवमलाई धर्म, भाग्य तथा गुरु, दशमलाई कर्म, व्यवसाय तथा प्रतिष्ठा, एकादशलाई लाभ तथा इच्छा र द्वादशलाई व्यय, मोक्ष तथा विदेशसम्बन्धसँग सम्बन्धित मानिन्छ । त्यसैले एउटै ग्रह वा एउटै योगका आधारमा सम्पूर्ण जीवनको निष्कर्ष निकाल्नु उचित हुँदैन । लग्न, ग्रह, राशि, भाव, भावेश, दृष्टि, युति, योग तथा अन्य सम्बन्धित पक्षको समग्र अध्ययन आवश्यक हुन्छ । वैदिक ज्योतिषमा नक्षत्रहरूको पनि विशेष महत्व रहेको छ । जन्मसमयमा चन्द्रमा रहेको नक्षत्रलाई मनोभाव, प्रवृत्ति तथा दशापद्धतिसँग सम्बन्धित महत्वपूर्ण आधार मानिन्छ । सप्तविंशति नक्षत्रको परम्परा वैदिक ज्योतिषको विशिष्ट पक्ष हो । नक्षत्रका आधारमा जन्मनक्षत्र, दशा, मुहूर्त तथा विभिन्न फलादेश पद्धतिहरू विकसित भएका छन् । यसैले ज्योतिषमा केवल राशिको अध्ययन पर्याप्त हुँदैनह ग्रह, राशि, नक्षत्र र भावको समन्वित अध्ययन आवश्यक हुन्छ । फलितज्योतिषमा दशापद्धतिको पनि विशेष स्थान छ । विशेषतः विंशोत्तरी दशा व्यापक रूपमा प्रयोग गरिन्छ । दशापद्धतिको उद्देश्य जीवनका विभिन्न कालखण्डमा विभिन्न ग्रहसँग सम्बन्धित फल प्रकट हुने समयको निर्धारण गर्नु हो । जन्मकुण्डलीमा ग्रहको अवस्था र सामर्थ्य एउटा पक्ष हो भने त्यस ग्रहसँग सम्बन्धित फल कहिले प्रकट हुन्छ भन्ने अर्को पक्ष हो । यसैगरी गोचरले वर्तमान समयमा ग्रहहरूको गतिशील अवस्थालाई जनाउँछ । जन्मकुण्डलीलाई स्थिर आधार र गोचरलाई गतिशील आधारका रूपमा लिएर फलविचार गरिन्छ । यसरी दशा र गोचरको अध्ययनले ज्योतिषीय फलविचारलाई कालसँग जोड्दछ । ज्योतिषको दार्शनिक पक्षमा कर्मसिद्धान्तको विशेष महत्व छ । वैदिक दर्शनले मानवजीवनका विभिन्न परिणाममा कर्मको महत्व स्वीकार गरेको छ । ज्योतिषीय परम्परामा जन्मकुण्डलीलाई कर्मफलको सम्भावित अभिव्यक्तिको सूचकका रूपमा व्याख्या गरिएको पाइन्छ । यस दृष्टिले ग्रहहरू कर्मफलका स्रष्टा हुन् भन्नुभन्दा कर्मफल प्रकट हुने समय वा सम्भावित परिस्थितिका संकेतक हुन् भनेर बुझ्नु बढी सूक्ष्म हुन्छ । यदि ग्रहहरूले नै मानिसको सम्पूर्ण जीवन निर्धारण गर्छन् भन्ने मानियो भने मानवको स्वतन्त्र प्रयास, विवेक र पुरुषार्थको स्थान कमजोर हुन्छ । तर वैदिक चिन्तनमा पुरुषार्थलाई पनि महत्व दिइएको छ । मानिसले ज्ञान, परिश्रम, अनुशासन, विवेक र उचित निर्णयद्वारा आफ्नो जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । त्यसैले ज्योतिषको उचित प्रयोग अन्धभाग्यवाद होइन, विवेकपूर्ण आत्मचिन्तन र मार्गदर्शन हुनुपर्छ । मुहूर्तशास्त्र पनि ज्योतिषको महत्वपूर्ण पक्ष हो । विवाह, गृहप्रवेश, यज्ञ, संस्कार, यात्रा तथा व्यापारारम्भजस्ता कार्यका लागि उचित समय निर्धारण गर्ने परम्परा यसमा पाइन्छ । यसको मूल भावना उचित कर्मसँग उचित समयको समन्वय गर्नु हो । त्यसैगरी जन्मसमय थाहा नभएको अवस्थामा प्रश्न सोधिएको समयलाई आधार बनाएर प्रश्नकुण्डली निर्माण गर्ने परम्परा प्रश्नज्योतिषमा रहेको छ । संहिताशास्त्रले भने ज्योतिषको क्षेत्र अझ व्यापक बनाउँछ । वर्षा, कृषि, प्राकृतिक परिवर्तन, ग्रहण, धूमकेतु, वास्तु, शकुन, ऋतु तथा राज्यसम्बन्धी विषयहरू यसको अध्ययनक्षेत्रमा पर्दछन् । आधुनिक समयमा ज्योतिष र खगोलशास्त्र अलग-अलग अध्ययनक्षेत्रका रूपमा विकसित भएका छन् । खगोलशास्त्रले ग्रह तथा अन्य खगोलीय पिण्डहरूको भौतिक स्वरूप, गति, दूरी र संरचनालाई वैज्ञानिक पद्धतिबाट अध्ययन गर्दछ । फलितज्योतिषले भने ग्रहस्थितिलाई मानवजीवनसँग जोडेर परम्परागत सिद्धान्तअनुसार व्याख्या गर्दछ । त्यसैले ग्रहहरूको वैज्ञानिक स्थिति प्रमाणित हुँदैमा फलितज्योतिषका सबै दाबी स्वतः प्रमाणित हुन्छन् भन्ने निष्कर्ष निकाल्न मिल्दैन । फलितसम्बन्धी दाबीलाई छुट्टै परीक्षण र अनुसन्धानको आवश्यकता हुन्छ । यस दृष्टिले ज्योतिषको अध्ययन गर्दा श्रद्धा र संशय दुवैभन्दा माथि उठेर शास्त्रीय अध्ययन, तर्क, अनुसन्धान तथा आलोचनात्मक विवेक अपनाउनु आवश्यक हुन्छ । ज्योतिषीय फलादेशमा पनि विशेष सावधानी आवश्यक हुन्छ । एउटै ग्रह, योग वा भावका आधारमा सम्पूर्ण जीवनको निष्कर्ष निकाल्नु उचित हुँदैन । लग्न, लग्नेश, ग्रहबल, भाव, भावेश, राशि, नक्षत्र, दृष्टि, युति, योग, दशा, अन्तर्दशा, गोचर, देश, काल तथा पात्रको समग्र विचार आवश्यक हुन्छ । ज्योतिषीले सम्भावनालाई निश्चित भविष्यका रूपमा प्रस्तुत गर्नु हुँदैन, अनावश्यक भय उत्पन्न गर्नु हुँदैन र मानिसको अज्ञानता वा कमजोरीको अनुचित लाभ लिनु हुँदैन । शास्त्रीय ज्ञानसँगै नैतिकता, संयम र विवेक पनि ज्योतिषीका आवश्यक गुण हुन् । अन्तत ज्योतिषशास्त्रको मीमांसा केवल ग्रहहरूको फलवर्णन होइन । यसको उत्पत्ति, वेदाङ्गका रूपमा रहेको स्थान, कालतत्त्व, ग्रह, राशि, नक्षत्र, भाव, दशा, गोचर, कर्मसिद्धान्त, दैव-पुरुषार्थको सम्बन्ध, मुहूर्त, प्रश्न, संहिता, प्रमाण तथा आधुनिक आलोचनात्मक दृष्टिकोणको समग्र अध्ययन नै ज्योतिषशास्त्रको मीमांसा हो । ज्योतिषलाई बुझ्न केवल श्रद्धा पर्याप्त छैन र केवल संशय पनि पर्याप्त छैन । शास्त्रज्ञान, गणित, तर्क, ऐतिहासिक दृष्टि, अनुभव, अनुसन्धान तथा आलोचनात्मक विवेकको समन्वय आवश्यक हुन्छ । यस अर्थमा ज्योतिषलाई केवल भविष्य बताउने माध्यमका रूपमा सीमित नगरी काल, कर्म र पुरुषार्थलाई बुझ्ने वैदिक परम्परागत ज्ञानदृष्टिका रूपमा अध्ययन गर्न सकिन्छ । यसको उद्देश्य मानिसलाई भाग्यवादमा बाँध्नु नभई समय, परिस्थिति र आफ्ना कर्मप्रति सचेत बनाउनु हुनुपर्छ । भविष्यलाई अपरिवर्तनीय रूपमा निर्धारण गर्नेभन्दा सम्भावित संकेतका रूपमा बुझ्दै विवेकपूर्ण निर्णय र पुरुषार्थलाई प्राथमिकता दिनु नै ज्योतिषको दार्शनिक प्रयोगको सार हो । त्यसैले ज्योतिषशास्त्रको वास्तविक मीमांसा अन्धविश्वास वा अन्धअस्वीकारमा होइन, शास्त्रीय अध्ययन, तर्क, अनुसन्धान, विवेक र पुरुषार्थको समन्वयमा निहित हुन्छ । ***ज्योतिष केवल भविष्यकथन होइनह यो काल, कर्म र पुरुषार्थको विवेकपूर्ण अध्ययन हो ।***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पुरानो लगानीबाट लाभ मिल्नेछ। कार्यक्षेत्रमा श्रमको अनुरूप सफलता मिल्नेछ। | **तुला**: कार्यक्षेत्रमा आलस्य नगरौं। वाणीले गर्दा बनेको कार्य बिग्रिन सक्छ। |
| **वृष** : खर्चमा आकस्मिक वृद्धि हुनेछ। आर्थिक कारोबारमा शत्रुहरुको वृद्धि हुनेछ। | **वृश्चिक** : धनलाभ हुनाले मन प्रसन्न हुनेछ। कार्यक्षेत्रमा अग्रिम सफलता मिल्नेछ। |
| **मिथुन** : वैवाहिक जीवन राम्रो रहनेछ। भौतिक सुख सुविधामा धन खर्च हुनेछ। | **धनु** : कामको नमिल्नाले मन दुखी हुन सक्छ। कामहरूमा सफलता मिल्नेछ। |
| **कर्कट** : कार्यहरू समयमा सम्पादन हुनेछ। कुनै कार्य गर्दा असफलता हात लाग्न सक्छ। | **मकर** : अनुभवको कमीले कार्य अड्किने सम्भावना छ। ऋण दिनदेखि बच्नुहोस्। |
| **सिंह** : कार्यक्षेत्रमा पद प्रतिष्ठामा वृद्धि हुनेछ। घर परिवारमा मेलमिलाप बढ्नेछ। | **कुम्भ**: घरको वातावरणमा आत्मीयता बढ्नेछ। निद्रा पूरा गर्न ध्यान दिनुहोस्। |
| **कन्या** : मुद्दाहरूमा हजुरको पक्ष बलियो हुनेछ। घरपरिवारमा जिम्मेवारी बढ्नेछ। | **मीन** : कागजपत्रमा आवश्यक सुधार गर्न सकिनेछ। पानी पर्याप्त पिउनुहोस्। |

## कला मनोरञ्जन

# ‘टनेल २६’ असोज २३ मा नेपाल र भुटानमा प्रदर्शन हुने, पोस्टर सार्वजनिक





नेपाल, भुटान र भारतको सहकार्यमा निर्माण भएको जम्बी हरर चलचित्र ‘टनेल २६ : द कर्स बिनिथ द माउन्टेन’ आगामी अक्टोबर ९ अर्थात् असोज २३ गते नेपाल र भुटानका हलमा प्रदर्शनमा आउने भएको छ । निर्माण टिमले शनिबार चलचित्रको आधिकारिक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो । चलचित्रको ट्रेलर भने सेप्टेम्बर २२ मा काठमाडौंमा विशेष कार्यक्रम आयोजना गरी सार्वजनिक गरिने भएको छ । ट्रेलर सार्वजनिक कार्यक्रममा भुटानबाट चलचित्रका कलाकार तथा निर्माण टोलीसमेत सहभागी हुने जनाइएको छ । संगय छेल्ट्रिम फिल्म्स र पिक एक्सभी स्टुडियोजको ब्यानरमा निर्माण भएको चलचित्रमा चौधरी ग्रुपका निर्वाण चौधरी, अभिनेता प्रदीप खड्का, भारतीय फिल्ममेकर प्रशान्त कुमार गुप्ता, भुटानी अभिनेता-निर्माता संगय छेल्ट्रिम तथा दोर्जी वाङ्चुकसहित विभिन्न निर्माताको सहकार्य रहेको छ । चलचित्रलाई भुटानको शाही सरकारअन्तर्गतको मिडिया, क्रिएटिभ इन्डस्ट्री तथा इन्टेलेक्चुअल प्रोपर्टी विभागले समेत सहयोग गरेको छ । सार्वजनिक पोस्टरमा अँध्यारो र रहस्यमय सुरुङ देखाइएको छ । सुरुङभित्र केही पात्र देखिन्छन् भने ‘द कर्स बिनिथ द माउन्टेन’ अर्थात् ‘पहाडमुनिको श्राप’लाई चलचित्रको मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ । पोस्टरले चलचित्र जम्बी तथा हरर कथामा आधारित रहेको संकेत गर्छ । चलचित्रको लेखन, निर्देशन तथा सम्पादन डीडी किन्लेले गरेका हुन् । चलचित्रमा संगय छेल्ट्रिम, अनुपविक्रम शाही, अन्ना शर्मा, निदुप दोर्जी, डेकी लामो, फुन्टशोक धोन्डेन र रोशनी दादा मुख्य भूमिकामा छन् । दोर्जी वाङ्चुक कार्यकारी निर्माता तथा प्रदीप खड्का क्रिएटिभ प्रोड्युसरका रूपमा छन् । प्रदीपका लागि ‘टनेल २६’ चौथो निर्माण सहकार्य हो । यसअघि उनले ‘स्केप’, ‘ठुलो मान्छे’ र ‘एक्लो’ निर्माणमा सहकार्य गरेका थिए । नेपाल, भुटान र भारतका कलाकार तथा प्राविधिकको सहभागिता रहेको चलचित्रलाई नेपाल र भुटानमा प्रदर्शन गरेपछि अन्तर्राष्ट्रिय बजारमा समेत लैजाने तयारी छ । निर्माण टिमका अनुसार एसिया तथा उत्तर अमेरिकालगायतका बजारमा अन्तर्राष्ट्रिय वितरण साझेदारमार्फत चलचित्र प्रदर्शन गर्ने योजना छ । चलचित्रको छायांकन दीर्घ गुरुङ र संगय टी. तेन्जिङले गरेका हुन् । राजु तामाङ एक्सन निर्देशक, कृष्ण शर्मा निर्माण डिजाइनर, पेमा लामो निर्माण व्यवस्थापक तथा ब्लु छेरिङ दोर्जी मेकअप तथा पोसाक विभाग प्रमुखका रूपमा छन् । चलचित्रको संगीत तथा ध्वनि सम्बन्धी काम थाइल्यान्डमा गरिएको छ । चर्चित संगीतकार तेर्डसाक जानपानले पृष्ठभूमि संगीत तयार पारेका छन् । करण थामावोङले ध्वनि डिजाइन तथा पुन: रेकर्डिङ मिक्सिङ सम्हालेका छन् । रथाकोर्न थोङनुनले संवाद सम्पादन तथा फोलीको काम गरेका छन् भने चलचित्रको दृश्य प्रभाव निफान स्टुडियोले तयार पारेको छ । चलचित्रको नेपाल व्यवस्थापन लिभेन्टस् स्टुडियो प्रा.ली.ले गरेको हो भने, सन्तोष कुमार कार्कीले चलचित्रको व्यवस्थापन सम्हालेका छन् । ‘टनेल २६’को टिजर यसअघि अगस्ट १४ मा सार्वजनिक गरिएको थियो । निर्माण टिमका अनुसार टिजरले नेपाल र भुटानसँगै युरोप तथा उत्तर अमेरिकामा समेत दर्शक र अन्तर्राष्ट्रिय वितरकको ध्यान खिचेको छ । *-डिसी नेपाल डटकम*

# अमेरिकामा कुमा सागर र ख्वप: ब्याण्डको सांगीतिक धमाका, एक हजार बढी दर्शक सहभागी



अमेरिकाको वासिङ्टन डीसी, मेरिल्यान्ड र भर्जिनिया क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायलाई लक्षित गर्दै भव्य सांगीतिक तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । दक्वो इभेन्ट्सअन्तर्गत सरोज श्रेष्ठको व्यवस्थापन तथा ‘डीएमभी कलेक्टिभ’को प्रस्तुतिमा सेप्टेम्बर १८ मा आयोजित उक्त कार्यक्रममा प्रसिद्ध गायक कुमा सागर तथा ख्वप: ब्यान्डले बेजोड सांगीतिक प्रस्तुति दिएका छन् । कार्यक्रममा एक हजारभन्दा बढी दर्शकको उत्साहजनक सहभागिता रहेको आयोजकले जनाएको छ । नेपाली तथा नेवा: संस्कृति झल्काउने उद्देश्यले आयोजित कार्यक्रमको मुख्य आकर्षणमा सांगीतिकसँगै परम्परागत सांस्कृतिक प्रस्तुतिहरू रहेका थिए । मुख्य सांगीतिक कार्यक्रमअघि नेवा: सांस्कृतिक नृत्य, फ्युजन प्रस्तुति, सारङ्गी वादन, खड्गयोगिनी नृत्य र प्रत्यक्ष धिमे बाजाको तालमा नृत्य प्रस्तुत गरिएको थियो । यसैगरी, कार्यक्रममा यज्ञमान शाक्यले महाकाल नृत्य प्रस्तुत गरेका थिए भने परम्परागत लाखे नृत्यले दर्शकलाई थप आकर्षित गरेको थियो । पूर्व कवेब तथा मङ्की टेम्पल ब्यान्डका प्रमुख गिटारवादक सृजन विक्रम घेवालीले उत्कृष्ट गिटार प्रस्तुति दिएका थिए । परम्परागत सांस्कृतिक कला र आधुनिक संगीतको संगम बनेको यस कार्यक्रममा विभिन्न पुस्ताका दर्शकहरूको बाक्लो उपस्थिति थियो । सांस्कृतिक प्रस्तुतिलगत्तै कुमा सागर र ख्वप: ब्यान्डले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्दा सभाहलभरिका एक हजारभन्दा बढी दर्शकहरू संगीतमय माहोलमा झुमेका थिए । यस कार्यक्रमलाई ‘डीएमभी कलेक्टिभ’को मुख्य आयोजनामा पाण्डे होम्स इन्टरटेनमेन्ट, मण्डला इन्टरटेनमेन्ट, प्रोजेक्ट ऊर्जा, मुग्लानको बतास, बेसक्याम्प बिट्स, आवर एक्स इन्टरटेनमेन्ट र नाम्लो इभेन्ट्सजस्ता विभिन्न संस्थाहरूले सहकार्य गरेका थिए । कार्यक्रमलाई भव्य रूपमा सम्पन्न गर्न स्थानीय व्यवसायी तथा संस्थाहरूले प्रायोजन र साझेदारीमार्फत सहयोग पुऱ्याएका थिए । मुख्य प्रायोजक (प्लाटिनम स्पोन्सर) तर्फ गणेश पाण्डे (पाण्डे होम्स) र आदित्य घिमिरे (घिमिरे होम्स) रहेका थिए भने अन्य स्वर्ण, रजत तथा कास्य प्रायोजकका साथै खाद्य तथा पेय पदार्थ साझेदारहरूले समेत सहयोग गरेका थिए । सामुदायिक तथा गैरनाफामूलक संस्थातर्फ पिकेपी टेन्डर हार्ट्स फाउन्डेसन, नृत्य मण्डप डान्स एकेडेमी, नेवा: अर्गनाइजेसन अफ अमेरिका, नेपा पासा पुच: अमेरिकाय्, नेपा कम्युनिटी युएसए र ल्याय्म्ह अमेरिका लगायतका संस्थाहरूको सक्रिय सहभागिता रहेको थियो । आयोजकका अनुसार स्थानीय व्यवसाय, यात्रा साझेदार, टिकट व्यवस्थापन टोली, प्रकाशक, भिडियो सम्पादक, सुरक्षा तथा प्राविधिक टोली र स्वयंसेवकहरूको एकीकृत सहकार्यकै कारण यति ठूलो संख्यामा दर्शक सहभागी गराउन सम्भव भएको हो । विदेशमा रहेर पनि नेपाली भाषा, संगीत, कला र सांस्कृतिक पहिचानलाई जोगाइराख्ने प्रयासस्वरूप आयोजित यस कार्यक्रमले वासिङ्टन डीसी क्षेत्रमा नेपाली सांस्कृतिक गतिविधिहरूलाई अझ उचाइमा पुऱ्याउन सहयोग पुऱ्याएको आयोजकहरूले बताएका छन् । *-सेतोपाटी डटकम*

# ट्रम्पले दिएको ‘हलिउड विशेष दूत’ को उपाधि सिल्भेस्टर स्टालोनले गरे अस्वीकार





हलिउड अभिनेता सिल्भेस्टर स्टालोनलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हलिउडका लागि ‘विशेष दूत’को उपाधि दिएका थिए । तर नियुक्तिको झन्डै दुई वर्षपछि ‘रकी’ अभिनेताले आफूले उक्त भूमिकाका लागि स्पष्ट रूपमा सहमति नदिएको खुलासा गरेका छन् । “यो अचानक भयो,” अस्करमा मनोनीत अभिनेताले हालै ‘द सन्डे टाइम्स’सँगको अन्तर्वार्तामा भने, “एक रात म टेलिभिजन हेरिरहेको थिएँ । त्यहाँ ‘स्टालोन, मेल गिब्सन र जोन भोइट’ भनेर समाचार आयो । त्यसपछि मैले ‘के ?’ भनेँ । मैले भनेँ, ‘माफ गर्नुहोस्, साँच्चै ?’ किनकि सुरुमै मलाई सोधिएको भए म भन्थेँ, यो सम्भव छैन ।’ स्टालोनले नियुक्तिबारे आफूमा रहेको असहमतिबारे पनि खुलेर कुरा गरे । उक्त भूमिका स्वीकार गर्न हिचकिचाएको हो भन्ने प्रश्नमा उनले भने, “हो, किनकि हलिउड सामन्ती राज्यजस्तै छ जस्तो मलाई लाग्छ । त्यहाँ आ-आफ्ना साना राज्य छन् । तपाईं गएर ६ वटा स्टुडियोलाई कसरी काम गर्ने भनेर भन्न सक्नुहुन्न । अनि मेल गिब्सन, जोन भोइट र म आफ्नै ढंगले काम गर्ने मानिस हौँ ।’ उनले ट्रम्पलाई समेत “यसले काम गर्दैन” भनेको स्मरण गरे । “मैले धन्यवाद र ‘चाओ’ भनेँ, किनकि यो असम्भव छ । हलिउड आफ्नै ढंगले चल्छ र विकसित हुँदै जान्छ । यो कर्पोरेट क्षेत्र हो र कर्पोरेट क्षेत्रका मानिस मबाट वित्तबारे सुन्न चाहँदैनन्’ स्टालोनले भने । तत्कालीन राष्ट्रपति ट्रम्पले जनवरी २०२५ मा स्टालोन, गिब्सन र भोइटलाई पहिलोपटक ‘विशेष दूत’ घोषणा गरेका थिए । उनले ट्रुथ सोसलमा लेखेका थिए, ‘महान् तर गम्भीर समस्यामा रहेको हलिउड, क्यालिफोर्नियाका लागि जोन भोइट, मेल गिब्सन र सिल्भेस्टर स्टालोनलाई विशेष दूत घोषणा गर्न पाउनु मेरा लागि सम्मानको कुरा हो ।’ ट्रम्पले उनीहरूले पछिल्ला चार वर्षमा विदेशी मुलुकतर्फ धेरै व्यवसाय गुमाएको हलिउडलाई पहिलेभन्दा “ठूलो, राम्रो र बलियो” बनाएर फर्काउने उद्देश्यले आफ्नो विशेष दूतका रूपमा काम गर्ने बताएका थिए । “यी तीन अत्यन्त प्रतिभाशाली व्यक्ति मेरा आँखा र कान हुनेछन् र उनीहरूले दिएका सुझाव म कार्यान्वयन गर्नेछु । संयुक्त राज्य अमेरिकाजस्तै हलिउडमा पनि फेरि स्वर्णयुग आउनेछ,” ट्रम्पले लेखेका थिए । नियुक्तिलाई लिएर प्रारम्भमा असहज महसुस गरे पनि स्टालोनले अझै ट्रम्पबारे सकारात्मक धारणा राखेका छन् । अन्तर्वार्तामा उनले मार-ए-लागोमा आयोजित एक कार्यक्रममा निर्वाचित राष्ट्रपति ट्रम्पलाई ‘पौराणिक पात्र’का रूपमा परिचय गराएको बताए । “उनले जे गरेर देखाए, संसारमा अरू कसैले त्यो गर्न सक्दैनथ्यो । त्यसैले म चकित र प्रभावित छु,” स्टालोनले भने । *-अनलाइन खबर डटकम*

# ‘हरे कृष्ण’ भन्दै विश्व कीर्तिमानी डा.उपाध्याय




१५३ विश्व कीर्तिमानी व्यक्तित्व तथा गीतकार डा.डीआर उपाध्याय खनालको नयाँ भजन सार्वजनिक गरिएको छ । डा.उपाध्यायकै शब्द तथा स्वरमा तयार भएका ‘हरे कृष्ण’ बोलका भजन आइतबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा सार्वजनिक गरिएको हो । आध्यात्मिक भाव, भक्ति र सामाजिक सन्देशलाई केन्द्रमा राखेर तयार गरिएको भजनमा सागर अधिकारी ‘शरद’को संगीत, सञ्जय श्रीपालको एरेञ्ज तथा कुमार केसीको मिक्सिङ-माष्टरिङ छ । खेमनाथ खनालको निर्देशनमा तयार भएको भजनको भिडियोमा रामशरण उप्रेतीको छायांकन छ भने सञ्जय अधिकारीको दृश्य सम्पादन तथा कलर रहेको छ । भिडियोमा डा.उपाध्यायसँगै सुनिता खनाल, तुलसी खड्कालगायतका विभिन्न पारिवारिक व्यक्तित्वहरूको अभिनय रहेको छ । साहित्य, गीतसंगीत र सिर्जनाका विभिन्न विधामा निरन्तर सक्रिय रहँदै आउनुभएका डा.उपाध्यायका यसअघि नै तीन दर्जनभन्दा बढी एल्बम श्रोता तथा दर्शकमाझ आइसकेका छन् । ‘प्रणय’, ‘नशालु नजर’, ‘जखम’, ‘प्रतिनाद’, ‘अन्तराप’, ‘सहेली’, ‘जोहो’, ‘माउण्टेन मेलोडी’, ‘परिष्कृत’, ‘कृति’, ‘पृथक’, ‘अन्जान तिर्खा’, ‘सुधारस’, ‘स्वर्गघर’, ‘नजरको तीर’, ‘सेभेन्थ कड्स’, ‘सौभाग्यको सिन्दुर’, ‘अनुभूतिको मझेरीमा’, ‘चाहनाको महल’, ‘कर्तव्य बोध’, ‘धरोहर’, ‘फदयको झंकार’, ‘धर्ती र जीवन’, ‘प्रतिभा’, ‘सपनाको महल’, ‘धड्कन’, ‘आकांक्षा’, ‘अभिभूत’, ‘अभिलाषा’, ‘आवृत’लगायतका एल्बम सार्वजनिक भइसकेका छन् । गीतसंगीतसँगै पुस्तक लेखनमा समेत विशेष प्रयोग गर्दै आएका उपाध्यायका सिर्जनामा विविधता देखिन्छ । उनले २ बाई २ इन्च आकारको सबैभन्दा सानो गीतको पुस्तक ‘अनुभूतिको मझेरी’, नोट साइजको गीति पुस्तक ‘चोट’, व्यञ्जन वर्णका ३४ अक्षरबाट तयार गरिएको गीति कविता ‘प्रेयसी’, २४ बाई ३६ इन्च आकारको ठूलो गीतको पुस्तक ‘अलौकिक’ तथा एक लाइन अंग्रेजी र एक लाइन नेपालीमा प्रस्तुत गरिएको गीति पुस्तक ‘अपरिमित’ पाठकमाझ ल्याएका छन् । उपन्यास विधामा पनि उनको सक्रियता उल्लेखनीय छ । उहाँका ‘वज्राघात’, ‘त्यागी’, ‘भाग्यचक्र’, ‘अपवित्र छायाँ’, ‘स्वार्थी’, ‘बिटुली’, ‘अतिरिक्त’, ‘दगाबाज’, ‘अधुरो प्रेम’, ‘सपनाकी रानी’, ‘कफी लभ’, ‘मेरी प्रिया’, ‘भाइरस लभ’, ‘कसूर’, ‘मझधार’, ‘आशक्ति’लगायतका उपन्यास प्रकाशित भइसकेका छन् । केही समयअघि उहाँको कवितासंग्रह ‘अन्तसंस्करण’ समेत पाठकमाझ आएको थियो । सिर्जनात्मक कर्मबाट विभिन्न विश्व कीर्तिमान कायम गर्नुभएका डा.उपाध्यायले गिनिज बुक अफ वर्ल्ड रेकर्ड, बुक अफ अमेरिका, अष्ट्रेलिया, लण्डन यूकेलगायत विभिन्न संस्थाबाट गरी १५३ वटा विश्व रेकर्डका प्रमाणपत्र प्राप्त गरेका छन् । त्यसैगरी एभरेष्ट वर्ल्ड रेकर्ड, स्टार वर्ल्ड रेकर्ड, एक्सक्लुसिभ वर्ल्ड रेकर्ड, जिनस वर्ल्ड रेकर्ड तथा ब्रिटिश वर्ल्ड रेकर्डलगायतका संस्थाबाट समेत उनले रेकर्ड प्रमाणपत्र प्राप्त गरेका छन् । उनका केही कीर्तिमान सिर्जनात्मक प्रयोगसँग सम्बन्धित छन् । महिला तथा पुरुषले एकअर्काप्रति गर्नुपर्ने माया, सम्मान, ख्याल, सुरक्षा र व्यवहारबारे एक-एक लाइनको सामाजिक सन्देश समेटिएको २८८ लाइनको गीत, सांकेतिक भाषाको गीत, तीनवटा सप्तकमा तयार गरिएको गीत तथा सगरमाथा आरोहण गर्ने व्यक्तिहरूको नाम समेटेर तयार गरिएको गीतलगायत सिर्जनात्मक काममार्फत उनले विश्व कीर्तिमान कायम गरेको हो । त्यस्तै, १५० भन्दा बढी देशका पर्यटनस्थलका नाम समेटेर गीत तयार गर्ने, १८ अक्षरको सबैभन्दा छोटो गीतसंगीत तयार गर्ने तथा एउटै दिन चारवटा गीत लेखेर रेकर्ड गरी सार्वजनिक गर्नेलगायत कीर्तिमान पनि डा.उपाध्यायको नाममा छन् । गीतकारका रूपमा समेत विभिन्न सम्मान प्राप्त गर्नुभएका डा.उपाध्याय ‘हिरो २०१९’ बाट सम्मानित हुनुभएको थियो । गीतकार संघ नेपालको नवौं वार्षिकोत्सवका अवसरमा उहाँलाई ‘वर्ष गीत पुरस्कार’ प्रदान गरिएको थियो । यसैगरी उनलाई मुम्बईको प्रतिष्ठित दादा साहेब फाल्के अवार्डबाट समेत सम्मान गरिएको छ । डा.उपाध्यायका सिर्जनामा विषयगत विविधता पाइन्छ । उहाँका गीतमा प्रेम, माया, रोमान्स र विछोडका विषयमात्रै नभई समाज, संस्कृति, पर्यटन, स्वास्थ्य, श्रम र सामाजिक चेतनाका विषय पनि समेटिएका छन् । *-इहिमालयन डटकम*

# आज अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस




**पाल्पा,** असोज ६/आज विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस मनाइँदै छ । सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहिचान तथा सांकेतिक भाषाको महत्व, आवश्यकतालाई विश्वभर फैलाउने उद्देश्यले हरेक वर्ष असोज ७ गते ( सेप्टेम्बर २३) का दिन यो दिवस मनाउने गरिएको हो ।

संयुक्त राष्ट्र संघ (युएन) ले सन् २०१७ मा सांकेतिक भाषाहरूको दिवस मनाउने निर्णय गरेको थियो । युएनको उक्त निर्णयपछि सन् २०१८ सेप्टेम्बर २३ को दिनलाई सांकेतिक भाषाहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो । तथ्याङ्क अनुसार विश्वभर करिब ७ करोड मानिस सुनाइसम्बन्धी अपांगता भएका छन् । २०७८ को गणनाअनुसार नेपालमा ५१ हजार ३ सय ७३ नागरिकमा यस्तो खालको अपांगता छ । तथ्याङ्क विश्लेषणअनुसार नेपालमा ९ हजार ६ सय ५५ जनालाई सांकेतिक भाषा आवश्यक पर्दछ । सांकेतिक भाषा बहिरा समुदायका लागि सञ्चारको माध्यम मात्र नभई उनीहरूको भाषा, संस्कृति र पहिचानसँग जोडिएको महत्वपूर्ण आधार हो । यस दिवसले सांकेतिक भाषाको पहुँच विस्तार गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, सार्वजनिक सेवा तथा सामाजिक जीवनमा बहिरा व्यक्तिहरूको समान सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । नेपालमा पनि नेपाली सांकेतिक भाषाको प्रयोग र विकाससँगै बहिरा तथा श्रवण अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा र सार्वजनिक सेवामा पहुँचका विषयमा विभिन्न पहल हुँदै आएका छन् । तर सांकेतिक भाषामा दक्ष जनशक्ति, दोभाषेको उपलब्धता तथा सार्वजनिक सूचना र सेवामा सांकेतिक भाषाको पहुँच अझै महत्वपूर्ण विषयका रूपमा रहेको सरोकारवालाहरू बताउँछन् । अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवसले सांकेतिक भाषा बुझ्ने र प्रयोग गर्ने वातावरण निर्माण गर्दै 'सबैका लागि समान सञ्चार र सहभागिता' सुनिश्चित गर्न राज्य, निजी क्षेत्र र समाजको भूमिकालाई स्मरण गराउँछ । औपचारिक रूपमै नेपाली सांकेतिक शब्द प्रयोग गर्न थालिएको पाँच दशक नाघिसक्दा पनि बहिरा व्यक्तिले यति थोरै शब्दहरूबाट अभिव्यक्ति दिनु परिरहेको छ । यस्तो परिस्थिति बन्नुमा सांकेतिक भाषाप्रतिको सरकारी उपेक्षा नै मुख्य कारक हो, जुन अवस्था लम्बिरहनु हुँदैन । सांकेतिक भाषाको अभ्यास र अभिव्यक्तिलाई फराकिलो पार्न आवश्यक अनुसन्धानकेन्द्रित गतिविधिमा सरकारले अविलम्ब ध्यान दिनुपर्छ । नियमित बजेटको केही हिस्सा सांकेतिक भाषाका शब्दलाई बढाउन चाहिने अनुसन्धान गतिविधिमा खर्चनुपर्छ । बहिरा व्यक्ति भाषाको अभावमा समाजबाट वञ्चित हुनु नपरोस् भन्नका लागि सरकारका साथै अन्य सेवाप्रदायक संस्थाहरू पनि उत्तिकै संवेदनशील हुनुपर्छ ।

## सिद्धबाबा सुरुङमार्ग : आगामी...

...तर पानी परिहरेको र भोटेकोसीमा आएको बाढीका कारण एक वर्ष म्याद थप हुने आयोजना प्रमुख बास्तोलाको भनाई छ । उनका अनुसार रकसेडको लागि एक वर्ष ठेक्काको म्याद थप हुने छ । म्याद थप भएपनि निर्माण क्षेत्रमा कुनै समस्या नहुने बास्तोलाले बताए । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरबाट पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्रअन्तर्गत पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माणको काम भइरहेको हो । नेपाल सरकारको आफ्नै स्रोतमा निर्माणाधीन यो सुरुङमार्ग सञ्चालनमा आएपछि सिद्धबाबा क्षेत्रमा बर्सेनि हुने पहिरो र ढुङ्गा खस्ने समस्याबाट यात्रुले मुक्ति पाउने छन् ।

लुम्बिनी प्रदेशका पहाडी जिल्ला गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठानसहित गण्डकी प्रदेशको स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दीका नागरिकहरू यसबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।

## डुम्रे सहकारीको साधारण सभा...

...साधारणसभामा सबैभन्दा बढी वोनस तिनाउ ६ बगैचावारीकी सरस्वती जिसीले १ लाख ९३ हजार ६ सय २३ रुपैया पाएकी छन् । अध्यक्ष खाण ठकुरीले चालु आर्थिक बर्षको लागी नियमिततर्फ १५ बुँदे, भौतिक संरचना तथा पूर्वाधार विकास तर्फ १४ बुँदे, उत्पादन तथा कृषकतर्फ १२ बुँदे, उद्योग तथा विविधिकरण तर्फ ७ बुँदे, शिक्षा तालिम सञ्चार र रोजगारीतर्फ १७ बुँदे, बिमातर्फ ८ बुँदे, सञ्चालक समितिको विशेष अधिकारतर्फ १० बुँदे र विशेष कार्यक्रमतर्फ १५ बुँदे नीति तथा कार्यक्रम पेश गरी साधारणसभाले पारित गरेको छ । कार्यक्रममा लेखा सुपरिवेक्षण समितिका संयोजक धन बहादुर कार्कीले संस्थाको वित्तिय विवरण प्रस्तुत गर्दै ४९ करोड २१ लाख ८६ हजार ७ सय ३३ रुपैया बराबरको बार्षिक कारोवार, संस्थागत पुँजी ७ करोड २० लाख ३६ हजार १ , जगेडाकोषमा ८१ लाख १२ हजार ३ सय ५५ , अन्य कोषमा ११ लाख ८१ हजार २ सय ८ , ८७ लाख १३ हजार ८ सय शेयर पुँजी र १ करोड २ लाख ३७ हजार ७ सय ७१ कुल निक्षेप, ५१ लाख ८४ हजार १ सय ९८ ऋण लगानी, संस्थाको ऋण १ करोड ५७ लाख ६५ हजार ६ य ९२, भुक्तानी दिनुपर्ने २ करोड ३६ लाख ८५ हजार २ सय ५६, पाउनु पर्ने रकम ३ करोड ६० लाख २ हजार ४ सय ७९, स्टक मौज्दात १७ लाख ५९ हजार ६ सय ८७ र नाफा १० लाख ४२ हजार १८८ रहेको जानकारी दिए । कार्यक्रममा संस्थाकी कोषाध्यक्ष हुमा सराङ्गकोटीले आर्थिक प्रतिवेदन पेश गरेकी थिईन् । जिल्ला दुग्ध सहकारी संस्थाका अध्यक्ष रामजी प्रसाद घिमिरे लगायतले संस्थाले कृषक प्रति गरेको लगानीको बारेमा चर्चा गरेका थिए । संस्थाका अध्यक्ष दुर्गा बहादुर खाँण ठकरीको अध्यक्षता, उपाध्यक्ष शंकर प्रसाद भण्डारीको स्वागतमा भएको कार्यक्रमको सञ्चालन व्यवस्थापक गोपाल बहादुर जिसीले गरेका थिए ।

**अध्यक्षमा पुनः ठकुरी**

अधिवेशनले संस्थाको अध्यक्षमा पुन: दुर्गा बहादुर खाण ठकुरीलाई चयन गरेको छ । जसको उपाध्यक्षमा शान्ता खड्का, सचिवमा गोपाल प्रसाद भण्डारी, कोषाध्यक्षमा हुमा सराङ्गकोटी, सदस्यमा प्रेम नारायण भण्डारी, सुनिता विष्ट, पुष्पादेवी राना, मञ्जु घर्ती, विष्णु कुमारी दिश्वा चयन भएका छन् । यसै गरी लेखा सुपरिवेक्षण समितिको संयोजकमा धन बहादुर कार्की, सदस्यमा तारा प्रसाद भण्डारी र रिता कार्की चयन भएको निर्वाचन अधिकृत घनश्याम ढकालले बताए । नवनिर्वाचित अध्यक्ष खाँण ठकुरीले कृषक, सहकारीको हितमा केन्द्रित रहेर काम गर्ने प्रतिवद्धता जनाए ।

## खेलकुद समाचार

### अन्तर्राष्ट्रिय क्रिकेटबाट मार्क वूडको सन्यास घोषणा



**काठमाडौं,** असोज ६/ इंग्ल्यान्डका अनुभवी पेस बलर मार्क वुडले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिने घोषणा गरेका छन् । ३६ वर्षीय वुडले चोटका कारण टेस्ट र एकदिवसीय क्रिकेट खेलन सम्भव नभएको चिकित्सकीय सुझावपछि आफ्नो ११ वर्ष लामो अन्तर्राष्ट्रिय करिअर टुंग्याउने निर्णय गरेका हुन् । सन् २०१५ मा न्युजिल्यान्डविरुद्ध लर्ड्समा टेस्ट डेब्यु गरेका वुडले ३८ टेस्टमा ११९ विकेट लिएका छन् । उनले चार एसेस शृङ्खला खेलेका थिए भने २०१५ मा ट्रेन्ट ब्रिजमा जित दिलाउने विकेट र २०२३ मा हेडिङ्लीमा गरेको तीव्र स्पेल विशेष रूपमा सम्झिने प्रदर्शन बने । वूड इंग्ल्यान्डको दुई विश्वकप विजेता टोलीका सदस्य पनि हुन् । उनले २०१९ को घरेलु एकदिवसीय विश्वकपमा १८ विकेट लिएर उपाधि यात्रामा महत्वपूर्ण योगदान दिएका थिए । त्यस्तै २०२२ को टी-२० विश्वकप जित्दा उनले चार खेलमा ९ विकेट लिएका थिए । उनले टी-२० अन्तर्राष्ट्रियमा ३८ खेलबाट ५४ तथा एकदिवसीयमा ७० खेलबाट ८० विकेट लिए । सन्यास घोषणा गर्दै वूडले भने, 'इंग्ल्यान्डबाट खेल्नु मेरो जीवनकै सबैभन्दा ठूलो सम्मान थियो । चोटबाट फर्किने प्रयास बारम्बार गरेँ, तर यसपटक त्यो लडाइँ जित्न सकिनँ ।' इंग्ल्यान्ड क्रिकेटका प्रबन्ध निर्देशक रोब कीले वुडलाई आफ्नो पुस्ताका सबैभन्दा रोमाञ्चक तीव्र गतिका बलरमध्ये एक भन्दै दुई विश्वकप र एसेस सफलतामा उनको योगदानको प्रशंसा गरेका छन् ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### प्रधानमन्त्री राहत कोषमा १५ अर्बभन्दा बढी जम्मा

काठमाडौँ, असोज ६/ रसुवाको भोटेकोशी नदीमा आएको बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम जारी छ ।

हालसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषका सबै खातामा गरी रु १५ अर्बभन्दा बढी मौज्दात छ ।प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा हाल रु ११ अर्ब २७ करोड दुई लाख ६० हजार ६८५ तथा हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा दुई करोड ४८ लाख चार हजार ७०२ अमेरिकी डलर मौज्दात छ

। सबै खातामा गरी रु १५ अर्ब ६ करोड ५६ लाख २८ हजार १६७ मौज्दात छ । सरकारले उक्त कोषमा जम्मा भएको रकमबाट यसअघि रु एक अर्ब बाढी प्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ । *-रासस*

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघापोखराथोक गा.वि.स.-१, हाल तानसेन नगरपालिका-१२ निवासी भारतिय भू.पू.सैनिक नं. 5745106 A का HAV मान बहादुर राना (ना.प्र.मा मान बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रम्मा थापा र जन्म मिति सन् १९५८ फेब्रुअरी १० (वि.स.२०१४/१०/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा रम्भा देवी राना, जन्म मिति वि.स. २०११/०५/१० (सन् १९५४ अगष्ट २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघापोखराथोक गा.वि.स.-१, हाल तानसेन नगरपालिका-१२ निवासी भारतिय भू.पू.सैनिक नं. JC 94647 का Sub/H/Lt. झमान सिं थापा (ना.प्र.मा झमान सिं दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा चन्द्र कला थापा र जन्म मिति सन् १९५९ जनवरी १८ (वि.स.२०१५/१०/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा चन्द्र कला दर्लामी थापा, जन्म मिति वि.स. २०१५/१०/०५ (सन् १९५९ जनवरी १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला तानसेन नगरपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं. 5750979 P का TS/NK सुरेन्द्र थापा (ना.प्र.मा सुरेन्द्र प्रसाद गहतराज) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शान्ती थापा र जन्म मिति सन् १९७१ अप्रिल १४ ( वि.स.२०२८/०१/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा शान्ती गहतराज, जन्म मिति वि.स. २०२८/०४/२६ (सन् १९७१ अगष्ट ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक मदनपोखरा गा.वि.स.-१ डाँडाडुम, हाल तानसेन नगरपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. JC 602308 K का Sub धर्म बहादुर थापा (ना.प्र.मा धर्म वहादुर थापा दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा ओम कुमारी थापा र जन्म मिति सन् १९६१ सेप्टेम्वर ७ (वि.स.२०१८/०५/२२) र नेपाली नागरिकता प्रमाणपत्रमा ओम कुमारी थापा दर्लामी, जन्म मिति वि.स. २०१७/०६/१५ (सन् १९६० सेप्टेम्वर ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई